मितिः २०८१/१०/१४

समयः दिनको ११:०० बजे

स्थानः कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर।

आज मिति २०८१ साल माघ १४ गते सोमबारको दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथी छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो।

उपस्थितिः

| क्र.सं. | पदाधिकारीको नाम, कर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बा. मोक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कु. भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भुवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | |
| १७ | श्री गोरी माया वुलुन | कार्यपालिका सदस्य | |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | |
| १९ | श्री अमुल श्रेष्ठ | सदस्य-सचिव (प्र.प्र.अ.) | |

**कार्यपालिका बैठकमा छलफल हुने विषयहरुः**

१. वडागत तथा गाउँपालिका अन्तर्गतका संशोधन गर्नुपर्ने योजना तथा कार्यक्रम सम्बन्धमा।

२. Zip-line को लागि पेन्टिङ्ग खर्च सम्बन्धमा।

३. कैलाश गाउँपालिकाको निर्माणाधिन १० शैयाको आधारभूत अस्पतालको लागि जग्गा खरिद सम्बन्धमा।

४. चालु र पूँजिगत खर्च अनुमोदनको लागि सिफारिस सम्बन्धमा।

५. ऐन/ कानुन संशोधन सम्बन्धमा।

६. "पशु स्वास्थ्य तथा पशु सेवा विधेयक, २०८१" र "कैलाश गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता विधेयक, २०८१" गाउँसभाबाट स्वीकृतीको लागि सिफारिस सम्बन्धमा।

७. किर्तिमान डाँडादेखि बनझाँक्रि सम्म जाने बाटोको बजेट थप सम्बन्धमा।

८. करार सम्झौताको म्याद थप सम्बन्धमा।

९. रकमान्तर र शीर्षकान्तर सम्बन्धमा।

१०. कैलाश अस्पतालको expansion joint को रकम थप सम्बन्धमा।

**निर्णयहरुः**

१. आर्थक वर्ष २०८१/८२ मा यस गाउँपालिका तथा वडाको लागि स्वीकृत योजना तथा कार्यक्रमको संशोधन, परिमार्जन एवं गाउँपालिकाले थप गर्ने योजना तथा कार्यक्रम तयार गरी १५औं हिउँदे गाउँसभामा पेश गर्ने निर्णय गरियो।

२. यस गाउँपालिकाको वडा नं २ मा पर्ने कैलाश बैकुण्ठ जिपलाईन पूर्वाधार निर्माण योजनाको लागि रङ्गरोगन BOQ मा छुटेको हुनाले उक्त कार्यको लागि रकम रु.२,०१,६२०.८३/- छुट्याई १५औं हिउँदे गाउँसभामा पेश गर्ने निर्णय गरियो।

३. यस कैलाश गाउँपालिका वडा नं ३ स्थित निर्माणाधिन १० शैयाको आधारभूत अस्पतालको लागि जग्गा अपुग भएको हुँदा जग्गा खरिद गर्न आवश्यक रकम विनियोजन गरि १५औं हिउँदे गाउँसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो।

४. आर्थिक वर्ष २०८१/८२ को चालु तथा पूँजिगत तर्फको पुष मसान्त सम्मको खर्च अनुमोदनको लागि १५औं हिउँदे गाउँसभामा पेश गर्ने निर्णय गरियो।

५. यस कैलाश गाउँपालिकाले विभिन्न समयमा तर्जुमा गरि प्रमाणित गरिएका ऐन/ कानुनहरुमा केहि संशोधन गर्नुपर्ने भएकोले उक्त ऐन/ कानुनहरु संशोधन गरि गाउँसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो।

६. *"कैलाश गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता विधेयक, २०८१" र कैलाश गाउँपालिकाको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धि बनेको विधेयक, २०८१"* विधायन समितिमा छलफल गरि कार्यपालिकामा पेश गरि गाउँसभाबाट अनुमोदन गर्ने निर्णय गरियो।

७. यस गाउँपालिका अन्तर्गत किर्तिमान डाँडादेखि बनझाँक्रि खोला सम्म सडक स्तरोन्नति कैलाश ३ र ४, ठेक्का नं KRM/KHBKRP/BN-03/2081/82 जाने बाटोको लागि बजेट थप गर्न गाउँसभाबाट अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो।

८. यस गाउँपालिका अन्तर्गत विभिन्न पदमा कार्यरत करार सेवाका कर्मचारीहरुको करार अवधि २०८२ असार मसान्त सम्म थप गर्ने सम्बन्धमा १५औं हिउँदे गाउँसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो।

९. २०८१/८२ को १५ औं गाउँसभामा रकमान्तर र शिर्षकमान्तर गरी थप भएको कार्यक्रमको बजेट घटि देखिएको हुँदा घटी भएको रकम गा.पा. को आन्तरिक श्रोत (अल्या बाँकी) रकमबाट मिलान गर्नको लागि १५औं हिउँदे गाउँसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो।

१०. यस गाउँपालिकाको आ.व. २०७७/७८ देखि संचालनमा रहेको १० शैया कैलाश अस्पताल निर्माण, कैलाश-०३ ( KRM/C10BPHP/BN-09/2077/78) को निर्माण कार्य गर्दा हालको आ.व. सम्म expansion joint को दर अत्यांधिक बढेको, भौगोलिक कारणले तोकेको भन्दा बढि क्वान्टिटी गर्न नसक्ने भनि ठेकेदार कम्पनिले मिति २०८१/१०/१३ गते निवेदन पेश गरेकोले, सो सम्बन्धमा प्राविधिक शाखाबाट जाँचबुझ गर्दा DPR मा उल्लिखत भन्दा धेरै पारिमाण आवश्यक देखिएको, सोहि अनुसार नै ठेक्का प्रकृया भएको र उल्लेखित कार्य तोकेको क्वान्टिटिको मात्र गर्न लगाउदा यस पश्चात हुने कार्य (फ्लोर फिनिसिङ्ग) गर्न नसकिने हुँदा योजनाको थप कार्य अगाडि बढाउन करिब ४७ मिटर बराबरको कार्य तत्काल गराउनु पर्ने र सोको लागि रु ५,९९,३९८.६८ बराबरको रकम चाहिने भनि ईस्टमेट पेश भएकोले उक्त योजनाको कार्य सुचारु गराउन (expansion joint) चाहिने बजेट रु ५,९९,३९८.६८ सोहि योजनाको संघीय सरकार मार्फत प्राप्त शीर्षक बाट रकम खर्च हुने गरि निर्माण कार्य गर्ने /गराउने भनि सर्वसहमती बाट निर्णय गरियो।

अमुल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत